# ४३ औं कार्यपालिका निर्णयहरु (मिति २०८१।०९।१३)

**प्रस्ताव नं.१. टीकापुर विमानस्थलको दीगो व्यवस्थापन तथा रकम ट्रान्सफर सम्बन्धमा।**

**निर्णय नं.१.** प्रस्ताव नं १ माथी छलफल गर्दा टीकापुर विमानस्थलको व्यवस्थित सञ्चालन तथा दीगोपनाका लागि तपसिल बमोजिमका अत्यावश्यक योजनामा रकम विनियोजन गर्ने तथा क्रमश कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | टीकापुर विमानस्थलको भौतिक पुर्वाधार निर्माण | १०,००,००० | टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन खर्च शिर्षक | |
| २ | टीकापुर विमानस्थलको विविध मर्मत | १०,००,००० | टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन खर्च शिर्षक | |
| ३ | टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन प्रशासनिक खर्च | १०,००,००० | टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन खर्च शिर्षक | प्रशासनिक खर्चको दायित्व टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन शिर्षकको बजेट सकिए पछि टीकापुर नगरपालिकाले व्यवस्था गर्ने छैन। |
| ४ | टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन अन्तर्गत हवाई टिकट अनुदानका लागि अग्रिम भुक्तानी | ९,००,००० | टीकापुर विमानस्थल संचालन तथा व्यवस्थापन खर्च शिर्षक | तारा एयर प्रा.लि |
| | जम्मा रकम | ३९,००,००० | | |

**प्रस्ताव नं.२ अत्यावश्यक आयोजना तथा कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं.२** प्रस्ताव नं.२ माथि छलफल गर्दा यस नगरपालिकाका लागि अत्यावश्यक तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने तथा क्रमश कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो।

तपसिल

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजीत रकम रु. | श्रोत/शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिरेन्द्र बिद्या मंन्दिरको स्वर्णिम जयन्तिका लागि पुर्वाधार निर्माण | टीकापुर-१ | १०,००,०००।- | आन्तरिक श्रोत | |
| २ | टीकापुर वृहत पार्कमा WALKI-TALKI खरिदका | वडा नं.५ | १,५०,०००।- | आन्तरिक श्रोत | |
| ३ | वडा स्तरिय फुटबल प्रतियोगिता संचालना | वडा नं.८ | ३,००,०००।- | मेयर सँग युवा खेलकूद शिर्षक र आन्तरिक श्रोत | |
| ४ | पुराना घर नक्सा पास विवरण कम्प्युटरमा प्रविष्टी वापत प्रति फाइल | वडा नं.१-९ | २०।- | आन्तरिक श्रोत | प्रति फाइल |
| ५ | आर्थिक सहयोग | वडा नं.३ | ५०,०००।- | अन्य सामाजिक सहायता | वडा नं.३ वडा अध्यक्ष ऋषि वि.क.को स्वास्य उपचार |

**प्रस्ताव नं.३ विधालय भवन सम्बन्धमा।**

**निर्णय नं.३** प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नगरपालिका वडा नं.३,४,६ र ७ वडाका विधालयहरुका लागि संघीय सरकारवाट प्राप्त अनुदानवाट निर्माण हुने विधालय भवन सम्बन्धीत विधालय मार्फत कार्यान्वयन गर्ने र उक्त आयोजना कार्यान्वयन गर्दा अपुग हुने रकमको सुनिश्चताका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख
2081-9-14

Scanned with CamScanner

प्रस्ताव नं ४ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपसिल बमोजिम आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र. स. | साविक आयोजना तथा कार्यक्रम | साविक विनियोजित रकम रु | क्र. स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | विनियोजन रकम | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयम सेवीकाहरुका लागि अवलोकन भ्रमण | ७७,०००/- | १ | महिला स्वास्थ्य स्वयम सेवीकाहरुका लागि मोबाईल खरिद | वडा नं २ | १,२७,०००/- | |
| २ | टोल विकास संस्थाका लागि शसक्तीकरण कार्यक्रम | ५०,०००/- | | | | | |
| ३ | किसान संग कृषि विधार्थी घरदैलो तथा कृषक सम्मान कार्यक्रम | ७२,०००/- | २ | जन प्रतिनिधि कर्मचारीका लागी २ थान मोबाईल खरिद | वडा नं २ | ७२,०००/- | |
| ४ | मुनुवा टोल सिता चौधरीको घर नजिक कुलोमा ह्युमपाइप कल्भर्ट निर्माण तथा मुनुवा टोल सिता चौधरीको पसल नजिम ६०० एमएमकोह्युमपाइप जडान | २,५०,०००/- | ३ | मुनुवा टोल सिता चौधरीको घर नजिक कुलोमा ह्युमपाइप कल्भर्ट निर्माण तथा मुनुवा टोल सिता चौधरीको पसल नजिक एमएमकोह्युमपाइप जडान | वडा नं २ | ३,५०,०००/- | |
| ५ | जलवायु मैत्री, वातावरण मैत्री तथा विपद मैत्री कार्यका लागि १ घर १ बोटविरुवा कार्यक्रम | १,००,०००/- | ४ | | | | |
| ६ | गगा विष्टको घर देखि कालुसिह ठकुल्लाको घर सम्म बाटोमा माटो पटानी तथा ग्राभेल | २,३६,०००/- | ५ | गगा विष्टको घर देखि कालुसिह ठकुल्लाको घर सम्म बाटोमा माटो पटानी तथा ग्राभेल तथा बन्दीपुर मगर टोल जाने बाटो र राजीपुर नन्दराज उपाध्यायको घर जाने बाटो मर्मत सम्भार कार्य | वडा नं २ | ४,८६,०००/- | |
| ७ | युवा युवतीका लागी रोजगारी सृजना गरि उत्प्रेरणात्मक उदमशिलता कार्यक्रम | २,५०,०००/- | ६ | | | | |
| ८ | पदमपुर शिव मन्दिरमा शौचालय सहित नल्का र मोटर जडान | ६०,०००/- | ७ | पदमपुर शिव मन्दिरमा नल्का र मोटर जडान | वडा नं ७ | ६०,०००/- | |
| ९ | बढघर चिराकीहरुलाई स्वास्थ्य विमा कार्यक्रम | २५,०००/- | ८ | खेलकुद तथा सांस्कृतिक कार्यक्रममा रकम थप | वडा नं ४ | ७,५००/- | |
| | | | ९ | बढघर चिराकीहरुका लागि पोषाक खरिद | वडा नं ४ | १७,५००/- | |
| १० | सामुदायीक भवनमा बिजुली तथा पिउने पानी | १५,०००/- | १० | वडा कार्यालय भवन फर्स मर्मत | वडा नं ४ | १५,०००/- | |
| ११ | स्वास्थ्य केन्द्र व्यवस्थापन खर्च | ५०,०००/- | ११ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुधिढिकरणका लागि मोबाईल तथा उपकरणा खरिद | वडा नं ४ | ५०,०००/- | |
| १२ | वडा स्तरीय कराते प्रतियोगिता कार्यक्रम | २५,०००/- | १२ | वडा स्तरीय कराते प्रशिक्षण कार्यक्रम | वडा नं ४ | २५,०००/- | |
| १३ | बाघमारा स्थित सामुदायीक भवन निर्माण | ४,००,०००/- | १३ | बाघमारा स्थित देव स्थल (मरुवा) निर्माण | वडा नं ४ | ४,००,०००/- | |
| १४ | वडा सदस्यलाई ३ वटा मोबाइल खरिद | ४१,०००/- | १४ | वडा सदस्यलाई २ वटा मोबाइल खरिद | वडा नं ९ | ४१,०००/- | |
| १५ | बौनिया शिव मन्दिर परिसर भित्र नल्का जडान | १५,०००/- | १५ | बौनियाखोप केन्द्रमा पंखा तथा बिजुली जडान | वडा नं ९ | १५,०००/- | |
| १६ | बालबालिकाहरुलाई कम्प्युटर कक्षा सञ्चालन | २,३०,०००/- | १६ | वडा कार्यालयको लागि उपकरण खरिद | वडा नं ६ | २,३०,०००/- | Laptop, Mobile |
| १७ | विपद व्यवस्थापन सम्बन्धी तालिम तथा खाद र गैर खाद सामाग्री खरिद | ७५,०००/- | १७ | विपद व्यवस्थापन सम्बन्धी तालिम | वडा नं ६ | ५०,०००/- | |
| | | | १८ | विपद व्यवस्थापन सम्बन्धी जनहितमा जारी सन्देश प्रकाशन तथा प्रसारण | वडा नं ६ | २५,०००/- | |
| १८ | बालमैत्री वडा घोषणा सम्बन्धी कार्यक्रम | १,००,०००/- | १९ | स्तनपान कक्ष व्यवस्थापन | वडा नं ६ | ४०,०००/- | |
| | | | | अवलोकन भ्रमण | वडा नं ६ | ६०,०००/- | |

प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रस्ताव नं.५ नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री सम्बन्धी ठेक्को बन्दोबस्त सम्बन्धमा ।

निर्णय नं.५ प्रस्ताव नं.५माथि छलफल गर्दा यस टीकापुर नगरपालिका क्षेत्र भएर बग्ने नदी, खोलाहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को उत्खनन, संकलन र बिक्री गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने जिम्मेवारी प्राप्त गरेको परामर्शदाताबाट उक्त प्रतिवेदन तयार भई मिति २०८१।०८।१२ गते बसेको टीकापुर नगरपालिकाको ४२ औं कार्यपालिका बैठकको निर्णय नं.१३ बाट उक्त IEE प्रतिवेदन स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय भए बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले उपयुक्त देखाएको दौलतपुर मसानघाट, शाहिपुर घाट, पुरानो मसानघाट र सती बनगाँउ घाट क्षेत्र गरि टीकापुर नगरपालिका वडा नं.५,७ र ८ मा पर्ने जम्मा ५ स्थानबाट २ वर्षसम्म उत्खनन गर्न सक्ने भनि तोकिएको नदीजन्य पदार्थको जम्मा परिमाण ९०,२०७ घनमिटर मध्ये चालू आ.व.२०८१÷०८२ को लागि ४५,१०३।३० घनमिटर (१५,९२,८०० घनफिट) नदीजन्य पदार्थलाई सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०८१ र टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १७ र सो को अनुसूची १५ मा तोकिएको मू.अ.कर बाहेकको न्यूनतम दररेट प्रति घनफिट रु.६(छ) का दरले हुन आउने जम्मा रु.९५,५६,८००।– लाई न्यूनतम ठेक्का अंक कायम गरि सार्वजनिक सूचना मार्फत २०८२ जेठ मसान्तसम्मका लागि ठेक्का प्रक्रियाबाट आन्तरिक आय संकलन गर्ने व्यवस्था मिलाउन स्थानीय राजस्व परामर्श समितिको मिति २०८१।०९।०२ गतेको बैठकबाट सिफारिस भई आए बमोजिम चालू आ.व.को लागि नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री गर्ने र उक्त ठेक्का बन्दोबस्त गर्न नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०९।०५ गते गरिएको सूचना प्रकाशन सम्बन्धी कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ व्यवसाय कर तथा बहाल कर सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा स्थानीय राजस्व परामर्श समिति मिति २०८१।०९।०२ गतेको बैठकबाट अनुरोध भई आए बमोजिम यस टीकापुर नगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (३) बमोजिम व्यवसाय दर्ता प्रयोजनका लागि र टीकापुर नगरपालिकाको घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ को दफा ७ को उपदफा (२) बमोजिम घरजग्गा बहाल सम्बन्धी विवरण दाखिला गर्न लगाउने प्रयोजनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७ असल करदाता सम्मान सम्बन्धमा ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा नियमित रुपमा कर बुझाई यस नगरपालिकाको आन्तरिक आय अभिवृद्धिमा योगदान गरेका असल करदाताहरुको पहिचान गरी सम्मान गर्न राजस्व परामर्श समितिको मिति २०८१।०९।०२ गतेको बैठकबाट सिफारिस भई आए बमोजिमका असल करदाताहरुलाई प्रमाणपत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ घण्टाघर, स्वस्थ मासु बिक्री केन्द्र रहेको भवनको कोठा र टीकापुर बंगला पार्कमा रहेको फलफूल बगैँचाको ठेक्का बन्दोबस्त सम्बन्धमा ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा एकै पटक लामो अवधिको लागि ठेक्का बन्दोबस्त हुँदा प्रशासनिक दायित्व घट्न जाने र समयमै ठेक्का लगाउन नसकि आन्तरिक आय घट्न सक्ने जोखिम अन्त्य हुनुका साथै टीकापुर न.पा.वडा नं.१ स्थित घण्टाघर सञ्चालन तथा व्यवस्थापन, टीकापुर न.पा.वडा नं.–१ स्थित साविकको स्वस्थ मासु बिक्री केन्द्र रहेको भवनको कोठा (सटर कवल) र टीकापुर न.पा. वडा नं.५ स्थित टीकापुर बंगला पार्कमा रहेको आँप, कटहर तथा लिचीको फलफूल बगैँचाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्काको प्रकृति समेतलाई मध्यनजर गर्दा उक्त ठेक्काहरुको अवधि सात वर्ष रहने गरि आर्थिक ऐनमा उल्लेखित न्यूनतम ठेक्का रकमलाई आधार मानि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

प्रस्ताव न.९ तारा एअरलाइन्स संग सम्झौता गर्ने सम्बन्धमा ।

निर्णय न.९ प्रस्ताव न.९ माथी छलफल गर्दा मिति २०८१/०८/१२ गतेको यस कार्यपालिकाको निर्णय अनुसारटीकापुर विमानस्थल नियमित संचालनका लागि के कति दरमा नेपालगन्ज देखि टीकापुर र टीकापुर देखि नेपालगन्ज सम्म उडान गर्न सकिन्छ भनी इच्छुक विमान कम्पनिहरुलाइ मिति २०८१/०८/२६ गते दरभाउ माग भइ आएका ३ वटा दरभाउ पत्रको तुलनात्मक रुपमा अध्यान गर्दा सबै भन्दा कम रमकमा तारा एअरलाइन्स लि. ले नेपालगन्ज देखि टीकापुर र टीकापुर देखि नेपालगन्ज भ्याट सहित प्रति यात्रु रु. ४५००। (अक्षेरुपि चार हजार पाच सय मात्र) मा उडान भर्न तयार भएकोले सो एअरलाइन्स संग सोही दरेटमा नबढ्ने गरी सम्झौता गरी टीकापुर विमास्थल नियमित संचालन गर्ने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner